## V-3 सवारी चालक इजाजतपत्र • लाईसेन्स

जापानमा गाडी वा मोटरसाइकल चलाउन तपाईलाई चालक अनुमतिपत्र चाहिन्छ। ड्राइभिंग गर्दा, तपाईंले जहिले पनि आफ्नो इजाजतपत्र बोक्नु पर्छ र सवारी निरीक्षण प्रमाणपत्र पनि गाडी मा हुनु पर्छ।

### 1. अन्तर्राष्ट्रिय सवारी चालक इजाजतपत्र • लाईसेन्स

जनेभा कन्बेन्सनको सदस्य देशमा जारी गरिएको अन्तर्राष्ट्रिय लाइसेन्सले जापानमा सवारी चलाउन मिल्छ।तथापी जापान आएको एक वर्ष या लाइसेन्सको म्याद एक वर्ष भन्दा कम छ भने, यी दुई मा जुन छोटो छ त्यहि समय सिमा मात्र अन्तर्राष्ट्रिय लाइसेन्सको मान्यता हुनेछ। अन्तर्राष्ट्रिय लाइसेन्सको म्याद जापानमा नबिकरण गर्न मिल्दैन। यदि जापानमा एक वर्ष न्दा बेसी बस्नु हुन्छ भने अन्तर्राष्ट्रिय लाइसेन्स बाट जापानको लाइसेन्समा परिबर्तन गर्ने प्रकिया सुरु गर्नु होला।

### 2. विदेशी लाइसेन्स जापानी लाइसेन्समा परिवर्तन् गर्दा

यदि तपाई संग आफ्नो देशको लाइसेन्स छ र त्यो लाइसेन्स जारी भएको मिति देखि 3 महिना भन्दा बेसी आफ्नो देश मा बस्नु भयेको प्रमाण तपाई संग छ भने तपाईले त्यो लाइसेन्स बाट जापान को लाइसेन्स मा परिबर्तन गर्दा जापानमा सुरु देखिनै लाइसेन्स लिदा गरिने प्रकिर्या हरु भनदा केहि छुट पाइनु हुनेछ।यो प्रकिर्या तपाई बस्ने ठाउँ नजिकको लाइसेन्स जारी गर्ने प्रहरी टेस्ट केन्द्र मा गएर गर्न सक्नु हुनेछ। ओसाका को हकमा कादोमा लाइसेन्स टेस्ट सेन्टर र कोउम्योइके लाइसेन्स टेस्ट सेन्टरमा गर्न सक्नु हुनेछ। जापानी लाइसेन्समा परिबर्तन गर्नको लागि गरिने जाच ,तपाईले बुजाउने कागज र मौखिक कुराकानीको आधारमा गरिन्छ। यदि यस जाचमा पास हुनु भयो भने ड्राइभिंगको बारेमा आवश्यक ज्ञान र ड्राइभिंग कौशलको पुष्टिकरण टेस्ट गरिने छ। यदि यि सबै टेस्टमा बिना समस्या उतिर्ण हुनु भयो भने, तपाईले जापानमा जिरो देखि लाइसेन्स लिने प्रकिर्यामा भन्दा केहि सहज रुपमा लाइसेन्स प्राप्त गर्न सक्नु हुनेछ।

**आवश्यक कागजातहरू**

1. विदेशमा जारी गरिएको लाइसेन्स (यदि लाइसेन्समा जारी मिति सुचित छैन भने अन्य माध्येमबाट लाइसेन्सको जारी मिति आदि प्रमारित गर्नु पर्नेछ)
2. विदेशमा जारी गरिएको लाइसेन्स अगाडि र पछाडिको पान्नाको प्रतिलिपिहरू
3. विदेशमा जारी गरिएको लाइसेन्सको जापानीमा अनुबाद। आफ्नो राजदूताबास अथवा जापान अटोमोबाइल संघ (JAF) बाट गराउनु होला।
   <जापान अटोमोबाइल संघ. कान्साई ओसाका शाखा ☎072-645-1300>
4. पासपोर्ट (यदि पासपोर्ट नबिकरण गर्नु भएको छ भने पुरानो पासपोर्ट पनि ल्याउनु होला)
5. पासपोर्ट कोपी
6. रास्ट्रियता खुल्ने गरि ज्युमिनहयोउ। यदि यो निकाल्न कुनै कारण सक्नु भएन भने पासपोर्ट र ठेगाना खुल्ने प्रमाण ल्याउनु होला।
7. फोटो एक प्रति (6 महिना भित्र खिचेको, 3 cm × 2.4cm, टोपी नलगाएको, अगाडी हेरेको, छाती भन्दा माथिको भाग अनि दुवै कान देखिएको, फोटोको पछाडीको ब्याकग्रौंड मा केहि नदेखिएको।
8. लेख्ने समान (कालो या निलो बोलपेन)
9. शुल्क

   माथि उन्लेखित बाहेक अरु डोकुमेंट पनि चाहिन सक्छ।

   ज्ञान परीक्षा दिने भाषामा जापानी, अंग्रेजी , कोरियाली , चीनियाँ , स्पेनिश, पोर्तुगाली , फारसी , रूसी , थाई र भियतनामी मध्ये एक छनौट गर्न सक्नुहुन्छ। बिस्रित विवरणको लागि खादोमा र कोम्योइके ड्राइभिंग परीक्षण सेन्टरमा सम्पर्क गर्नुहोस्।

## 3. नयाँ जापानी चालक इजाजतपत्र

जापानमा नयाँ ड्राइभर इजाजत पत्र प्राप्त गर्नका लागि दुई तरिकाहरू छन्:

• ड्राइभिंग परीक्षण सेन्टरमा गएर योग्यता परीक्षण, लेखन र चालक कौशल परीक्षा दिने। यि दुई पास भए पछि, लाइसेन्स लिने बेला लेक्चर कक्षा लिनु पर्नेछ। लेखन परीक्षा अंग्रेजी, चिनियाँ वा पुर्तगाली मा परीक्षा लिन सक्नुहुनेछ।

• ड्राइभिंग स्कूलमा गएर स्कूलको अन्तरिक चालक कौशल परीक्षामा पास हुने। तेस पछि ड्राइभिंग परीक्षण सेन्टरमा गएर योग्यता परीक्षण र लेखन परीक्षामा पास हुने। ड्राइभिंग स्कूलमा गएर ड्राइभिंग सिक्दा लगभग 2 देखी 3 लाख येन लाग्दछ।

**ड्राइभरको इजाजतपत्र परीक्षण केन्द्र**

खादोमा ड्राइभर इजाजतपत्र परीक्षण केन्द्र
23-16 Ichibancho, Kadoma：
• केइहान रेलवे "फुरुकावाबासी स्टेशन" → केइहान बस "मेंन्क्यो सेन्टर स्टप"
• केइहान रेलवे "फुरुकावाबासी स्टेशन" बाट करीव 20 मिनेट पैदल/करिब 1.5km किलोमिटर
☎ 06-6908-9121

कोम्योइके ड्राइभिंग परीक्षण केन्द्र
5-13-1, Fushiya-cho, Izumi-shi
सेनबोकु एक्सप्रेसवे रेलवे कोउम्योउ इके स्टेशन
कोउम्योउ इके स्टेशन बाट करीव 5 मिनेट पैदल/करिब 400m
☎ 0725-56-1881

## 4. विदेशी इजाजत पत्र अनुवाद

विदेशी लाइसेन्स को जापानी अनुवाद जापान अटोमोबाइल फेडरेशन (JAF) द्वारा शुल्क लिएर गरिन्छ। JAF मा कहिले कहि अंग्रेजी बोल्ने कर्मचारी हुनु हुन्छ। JAF को अनुवादक सेवा लिदा आवासेक कागजहरु र अबधि नसकिएको विदेशी लाइसेन्स लगी जानु होला।

जापान अटोमोबाइल फेडरेशन (JAF), ओसाका
Ibaraki-shi, Nakahozumi 2-1-5
JR इबराकी स्टेशन बाट पैदल 19 मिनेट
☎ ０７２−６４５−１３００
URL **https://jaf.or.jp/common/visitor-procedures/switch-to-japanese-license**

## 5. जापानमा ड्राइभिङ नियमहरु

जापान अटोमोबाइल फेडरेशन (JAF) मा "सडकको नियम " पुस्तक अंग्रेजी, पुर्तगाली, चिनियाँ र स्पेनिस भाषा मा उपलब्ध छ।

URL https://jaf.or.jp/common/visitor-procedures/rules-of-the-road